# पहाडी जीवन निबन्धमा जीवनदृष्टि

✹सुशिला ढकाल अधिकारी
luckysushila15@gmail.com

**अध्ययनसार**

प्रस्तुत आलेख लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित पहाडी जीवन निबन्धको विश्लेषणमा केन्द्रित रहेको छ। लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका वरिष्ठ प्रथम स्वच्छन्दवादी, आत्मपरक शैलीका आधुनिक निबन्धकार हुन्। उनको 'पहाडी जीवन' निबन्ध एउटा महत्त्वपूर्ण निबन्ध हो। यस 'पहाडी जीवन' निबन्धमा देवकोटाले देशप्रेम, राष्ट्रियता ,जातीय स्वाभिमान, भाषा, राष्ट्रिय कला, संस्कृति, सभ्यता, प्रकृतिजस्ता कुराहरूलाई अँगालेका छन्। पहाडी जीवन निबन्धमा अभिव्यञ्जित जीवनदृष्टि के-कस्तो छ भन्ने मूल प्रश्नमा आधारित रहेर निबन्धले निर्दिष्ट गरेको जीवनदृष्टिको अध्ययन गर्ने उद्देश्य यसमा राखिएको छ। पुस्तकालय अध्ययनबाट सामग्रीहरू सङ्कलन गरी निबन्धमा प्रस्तुत भएका मुख्य कुराहरूको विश्लेषण विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ।

**मुख्य शब्दावली–** सहनशीलता,देखावटी, जीवनदृष्टि, निकाय , लवाइखवाइ , राष्ट्रियता।

**विषयपरिचय**

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन' निबन्धको जीवनदृष्टिको विश्लेषणमा प्रस्तुत लेख केन्द्रित रहेको छ। देवकोटा स्वच्छन्दतावादी निबन्धकार हुन्। उनको जन्म विस. १९६६ साल कार्तिक २७ गते लक्ष्मीपूजाको दिनमा काठमाडौंको धोबीधारा भन्ने टोलमा भएको थियो। उनले औपचारिक रूपमा निबन्धयात्राको थालनी 'आषाढको पन्ध्र' (१९९३) बाट गरेका हुन्। जीवनकालमा उनले प्रशस्तै निबन्धहरूको रचना गरेका छन्। उनका निबन्धहरू लक्ष्मी निबन्ध सङ्ग्रह (२००२),दाडिमको रूखनेर (२०३९) र परिवेश स्रष्टा देवकोटा द्रष्टा परिवेशमा (२०४१), निबन्धसङ्ग्रहमा सङ्कलित छन्। अङ्ग्रेजीबाट नेपाली भाषामा अनुवाद गरिएका उनका निबन्धहरू पनि प्रसिद्ध प्रबन्धसङ्ग्रह (१९९८), मा सङ्कलित छन्। निबन्धमा मात्र होइन देवकोटा साहित्यका विभिन्न विद्यामा समेत कलम चलाउछन्। कल्पना र भावनाका धनी देवकोटाका निबन्धहरू हार्दिकता, कोमलता र कवितात्मकताका दृष्टिले पनि सशक्त छन्। निबन्धमा उनले देशप्रेम, राष्ट्रियता, जातीय स्वाभिमान, भाषा, राष्ट्रिय कला संस्कृति, सभ्यता, प्रकृति र आत्मप्रकाशनलाई अँगालेका छन्। यस निबन्धमा उनले सामाजिक विकृति, आर्थिक असमानता, समाजमा देखिएका विकृति विसङ्गतिप्रति कठोर व्यङ्ग्य प्रहार गरेका छन्। आफ्नो संस्कृति, सभ्यता, राष्ट्र र राष्ट्रियताप्रति अगाध आस्था प्रकट गरेका छन्। आफ्नै निजी जीवनदर्शनका साथै साहित्यिक मूल्य र मान्यताका बारेमा समेत प्रकाश पारेका छन्। सरल, सहज र प्राकृतिक जीवनमा मानवताको भावना हुन्छ भन्ने उनको धारणा छ। ईश्वर, मानिस र प्रकृतिको त्रिकोणात्मक सम्बन्ध देखाउने प्रयास निबन्धकारको रहेको छ। भाव प्रबलता, रमरम बौद्धिकता, कोमलता, आदि उनका निबन्धगत विशेषता मानिन्छन्। शिल्पपक्ष भन्दा भावपक्ष प्रबल भएका देवकोटा नेपाली निबन्ध साहित्यको फाँटमा सफल निबन्धकारका रू पमा चिन्न सकिन्छ। देवकोटा नेपाली साहित्यका महाकवि र आधुनिक निबन्धकार पनि हुन्। नेपाली साहित्यका सबैजसो विधामा कलम चलाएका देवकोटाले कविता र निबन्ध विधामा विशेष उचाइ प्राप्त गरेका छन्। देवकोटा सौन्दर्य चेतनामा केन्द्रित निबन्धकार हुन्।

✹ **लेखक भाषा वाङ्मयको क्षेत्रमा अनुसन्धानरत व्यक्तित्व हुन्।**

'पहाडी जीवन' निबन्ध लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित लक्ष्मी निबन्धसङ्ग्रह (२००२) मा सङ्गृहीत छ। यो निबन्ध देवकोटाका उत्कृष्ट निबन्धहरूमध्येको एउटा लोकप्रिय निबन्ध पनि हो। यो निबन्ध पहाडी जीवनको यथार्थलाई प्रस्तुत गर्ने उद्देश्यले रचना गरिएको छ। यसमा गोसाईँथान र झिल्टुङको यात्राका क्रममा प्राप्त भएका अनुभूतिलाई रोचक र कलात्मक शैलीमा अभिव्यक्त गरिएको छ। यात्राका क्रममा त्यहाँका गाउँले बासिन्दाहरूको आर्य सभ्यता र संस्कृतिको झझल्को दिने उच्च विचार र सादा जीवनशैलीको अवलोकनबाट प्राप्त भएका मनमोहक भावानुभूतिको जीवन्त चित्र प्रस्तुत गरिएको छ। गरिबी, अशिक्षा र अभावमा समेत हँसिलाखुसिला अनुहार बनाउँदै आफ्नो जीवनयापन गरिरहेका ती सोझासिधा गाउँलेहरूलाई सरकारले र शिक्षित समुदायले त्यहाँ पुगी आधुनिक खालको शिक्षा र चेतना प्रदान गर्न सके प्रकृतिको काखमा रमाएका तिनीहरूको जीवन विज्ञानले गरेको चमत्कारको स्पर्श गर्नसम्म पाए कति आनन्ददायक बन्ने थियो होला र तिनको उत्थान पनि हुने थियो होला भन्ने धारणा देवकोटाको रहेको छ। यसै प्रसङ्गमा लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन' निबन्धको जीवनदृष्टिको सङ्क्षिप्त गरिएको छ।

प्रस्तुत अनुसन्धानात्मक लेख लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन' निबन्धमा देखिएका गरिबी र अशिक्षित जनताहरूले भोग्नुपरेको समस्याग्रत जीवनयापनको कारुणिक जीवनपद्धतिलाई समस्याको रूपमा लिइएको छ। देवकोटाको जीवनलाई हेर्ने दृष्टि के कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित रहेर उक्त समस्याको समाधान खोज्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन' निबन्धको अध्ययनका निम्ति सामग्री सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ। प्राथमिक स्रोतका रूपमा लक्ष्मी निबन्धसङ्ग्रह पन्ध्रौँ संस्करण (२०५७) लाई लिइएको छ। त्यस्तै द्वितीयक सामग्रीका रूपमा जीवनदृष्टिसम्बन्धी अन्य विद्वान्हरूका सैद्धान्तिक मान्यताहरूलाई लिइएको छ। यहाँ यस निबन्धको अध्ययन गर्ने क्रममा वर्णनात्मक र तुलनात्मक विधिको अवलम्बन गरी समस्याको समाधान गरिएको छ।

**विश्लेषणको सैद्धान्तिक आधार**

साहित्यका प्रमुख विधाहरूमध्ये निबन्ध एउटा छोटो र छरितो गद्य विधा मानिएको (शर्मा, २०५६, पृ.३) छ। निबन्ध लेखकको जीवन भोगाइले सँगालेका निजात्मक अनुभूतिहरूको गद्यशैलीमा प्रकट हुने अभिव्यक्ति हो। निबन्धकार जीवनको द्रष्टा हो भनेर बेन्सनले भने झैं (बराल, २०४६, पृ. ३१) देवकोटाले निबन्धमा आफूलाई पूर्णत : द्रष्टाकै रूपमा उभ्याएको पाइन्छ । स्रष्टा आफू वैयक्तिक रूपमा प्रकट हुन्छन्। यथार्थवादी चाहिँ कथ्यलाई अर्थको एक तहमा राखेर आफू चाहिँ सामूहिक व्यक्तित्व प्रकट कम गरेका हुन्छन्' (बराल, २०७९ : पृ.४३०)। यस निबन्धको समीक्षा गर्ने क्रममा भावविचार, भाषाशैली, जीवनदृष्टि, पर्यावरण पहिचान र विश्लेषण र शीर्षक सार्थकता जस्ता तत्त्वहरूलाई आधार बनाएर वर्णन र विश्लेषण गरिएको छ।

'पहाडी जीवन' निबन्धमा प्रयुक्त जीवन दृष्टिको विश्लेषण आधुनिक नेपाली निबन्धका सफल प्रयोक्ता लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्द अभिव्यक्ति भावमय आत्मपरक शैली, वैयक्तिक छाप, कल्पनात्मकता (शर्मा, २०५५, पृ. १८) जस्ता विशेषताले भरिएको पहाडी जीवन निबन्धमा प्रयुक्त जीवनदृष्टिको विश्लेषण यहाँ गरिएको छ।

**भावविचार**

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले 'पहाडी जीवन' निबन्धमा पहाडी जीवनको यथार्थलाई प्रस्तुत गर्ने उद्देश्य राखेका छन्। भावविचारको अर्थ भावको प्रकटीकरण वा सम्प्रेषण गर्नु हो (बराल, २०७९, पृ. ६२४ )। देवकोटा यात्राको क्रममा गोसाइँथान जाँदाखेरि त्यहाँ देखेका तामाङ र भोटे जातिले खेपेको चरम गरिबी र अभावका अवस्थामा हुँदा पनि हँसिला रसिला र सन्तोषको रमाइलो जीवन जिउने उनीहरूको कला, धर्म, संस्कृति, उसिनेको सिस्नोको सागसित ढिँडो खाएर तथा पुराना झुत्राझात्री लुगा लगाएर पनि एकआपसमा दुःखसुखका साथ रमाएको देख्दा निकै भावविभोर हुनपुग्छन्। त्यहाँका ती सोझा, इमानदार, सरल, कर्मठ र लगनशील जनतालाई राम्रो शिक्षादीक्षा र राम्रो रोजगार दिएर जीवनमा खुसियाली ल्याइदिन पाए हुन्थ्यो भन्ने सोच्छन्। देवकोटाले त्यहाँका केटाकेटीहरूलाई आफ्नो घरमा लगेर शिक्षा दिन चाहेर पनि दिन नसक्ने दुखेसो यस निबन्धमा प्रकट गरेका छन्। राज्य र उच्च ओहोदामा रहेका शिक्षित व्यक्तिहरूले त्यस ठाउँमा पुगी कृषि, शिक्षा, सञ्चार र यातायात आदिको क्षेत्रमा विकास गरेर तिनीहरूको जीवनमा परिवर्तन ल्याउन कसैले पनि कुनै किसिमको पहल नगरेको र शहर बजारमै बसी गरिबी हटाउने फोस्रो भाषण छाँट्ने गरेको प्रति निबन्धकारले व्यङ्ग्य प्रहार गरेका छन्। गोसाइँथान जस्तै

अर्को पहाडी गाउँ भिल्टुङको बासिन्दाहरूको जीवनशैली देवकोटालाई अझै रमाइलो र रोचक लाग्छ । भिल्टुङ गाउँ सनातन धर्म एवं आर्यसभ्यता, धर्म, संस्कृति, श्रद्धा, भक्ति एवम् उच्च मानवीय दर्शनको परिपालना गर्ने उदार मन भएका त्यहाँका ब्राह्मणहरूको बस्ती आफैँमा महत्त्वपूर्ण छ भन्ने लाग्छ । त्यसैले उनी यो ठाउँ वेदको केन्द्र बनोस् भन्ने सोच्छन् । त्रिशूली नदीको किनारमा रहेको ब्राह्मणहरूको बस्ती उनीहरूको दैनिकी एवम जीवनशैली देख्दा देवकोटा रोमाञ्चित हुनपुग्छन् । त्यहाँका मानिसहरूको सादा जीवन र उच्च विचारको आदर्शमा यहाँको उन्नति-प्रगति होस् । यस ठाउँका अभावहरू मेटिऊन्, सानो ठाउँ, सानो गाउँ स्वर्ग जस्तै बनोस् भन्ने धारणा निबन्धकारको रहेको छ ।

निबन्धकार देवकोटाले गोसाइँथान र भिल्टुङ गाउँको यात्राको क्रममा प्राप्त भएका अनुभूतिलाई निबन्धमा प्रस्तुत गरेका छन् । यस निबन्धमार्फत हामीहरू पनि यहाँका मानिसहरू जस्तै कर्मठ, मिहिनेती, इमानदार, लगनशील, प्रकृतिप्रेमी र परोपकारी हुनुपर्छ भन्ने सन्देश यस निबन्धमा दिएका छन् । चरम गरिबी, अशिक्षा, अभाव र अन्धविश्वासले ग्रस्त हुँदाहुँदै पनि त्यहाँका जनता कर्मठ , इमानदार, लगनशील, परोपकारी, सन्तोषी र उदार भएर आफ्नो जीवनयापन गरेको र सामान्य लवाइखवाइ र आफ्नै मौलिक कला र संस्कृतिमा रमाउने प्रयास गरेको देखेर निबन्धकारले उनीहरूप्रति श्रद्धा र सम्मानको भाव प्रकट गरेका छन् । उनले दुई दिनको रमाइलो देखावटी रङ्गीचङ्गी सहरिया जीवनभन्दा उच्च विचारलाई आत्मसात् गरेर बिताइएको पहाडी गाउँले जीवन धेरै नै अर्थपूर्ण र रमणीय छ भन्दै राष्ट्रका जिम्मेवार निकायका व्यक्तिहरूले आफ्नो कर्तव्य सम्झी ती गाउँहरूसम्म नै शिक्षाको उज्यालो र विज्ञान प्रविधिका विभिन्न सुविधाहरू पुऱ्याएर त्यहाँका जनतालाई नयाँ परिवर्तनको अनुभूति गराउनुपर्छ भन्ने भाव यस निबन्धमा व्यक्त गरेका छन् ।

**भाषाशैली**

निबन्धको भाषाशैली वैयक्तिकताको छाप हुनुपर्छ (ढकाल,२०७९, पृ. २६) अनि त्यो भाषा आकर्षक र प्रभावशाली हुनुपर्छ । शैलीले निजत्व निर्माण गर्छ र भाषा माध्यम बन्दछ । 'पहाडी जीवन' निबन्धमा लक्ष्मीप्रसाद देवकोटाले लयात्मक आलङ्कारिक प्रस्तुति दिएका छन् । उनले कविताकै शैली प्रस्तुत गरेर निबन्धलाई गद्य शैलीमा ढालेका छन् । पहाडी जीवन निबन्ध उच्च उदात्त भाव अनि प्रकृति र गाउँले जीवनलाई हेर्ने दृष्टिकोणका कारण तथा विभिन्न किसिमका अनुप्रासयुक्त वाक्यहरू तत्सम शब्द, तद्भव शब्द र विभिन्न किसिमका आगन्तुक शब्दहरूका साथै आफैँद्वारा सृजित कुकुलढुक, लगरीभगरी, चिथरे,घेरा झ्याङ्खाल जस्ता शब्दहरूको प्रयोगबाट निबन्ध मनमोहक बनेको छ । आत्मपरक शैलीमा लेखिएको यो निबन्ध सर्वसाधारणले बुझ्नका लागि सरल रहेको छ । यो निबन्ध यात्रा संस्मरणात्मक काव्यात्मक भाषाशैलीमा र गाउँले शैलीगत परिवेशका कारण जीवनलाई हेर्ने नयाँ दृष्टिकोणले गर्दा सबै खाले पाठकले मन पराउने रचना बनेको छ ।

**जीवनदृष्टि**

जीवनदृष्टि लेखकीय उद्देश्य हो । निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले निबन्धमार्फत् आफ्नो जीवनदृष्टिलाई यथाशक्य अरू माझ पुऱ्याउने र सार्वजनिक गर्ने लक्ष्य लिएको हुँदा 'पहाडी जीवन' निबन्धमा स्रष्टा देवकोटाले स्वजीवनदृष्टि प्रस्तुत गरेका छन् । उनको यस निबन्धमा सादा जीवनशैलीको अवलोकनबाट प्राप्त मनमोहक र जीवन्तचित्र प्रस्तुत गरिएको छ । यस निबन्धमा गोसाइँथान र भिल्टुङ गाउँको यात्राका क्रममा प्राप्त गरेका अनुभूतिहरूलाई प्रस्तुत गरिएको छ । गोसाइँथान र भिल्टुङका जनताहरूले भोग्नुपरेको चरम गरिबी, अभाव, अशिक्षा र अन्धविश्वासले ग्रस्त जीवनशैली देखेर देवकोटाको मनस्थितिमा अनेक किसिमका तर्कनाहरू उब्जिएका छन् । जस्तोसुकै दुःख पीडा भए तापनि त्यहाँका मानिसहरू कर्मठ, इमानदार , लगनशील, उदार, परोपकारी र सन्तोषी भएर आफ्नै कर्मले बाँचेका छन् । अति सामान्य लवाइखवाइ र आफ्नै मौलिक कला र धर्मसंस्कृतिमा रमाउने प्रयत्न गरेको देखेर देवकोटाले उनीहरूप्रति उच्च श्रद्धा र सम्मानको भाव प्रकट गरेका छन् । यहाँ शहरको जस्तो भिलीमिली छैन । यहाँ कृत्रिमता छैन, मनुष्य जीवन प्राकृतिक छ चाल रसिलो फराकिलो छ । रिसराग कसैले कसैलाई गर्दैनन् । सबै मिलीजुली एक आपसमा रमाउँछन् । एकले थुकी सुकी हजारले थुकी नदी भने जस्तै यहाँका मानिसहरू एउटालाई पर्दा अर्कोले सहयोग गर्ने र अर्कोलाई पर्दा अर्कोले सहयोग गर्ने प्रकृतिका छन् । न यहाँ शहरमा जस्तो खाने कुरामा विष हालिन्छ । यहाँका गाईभैँसीको दुध पोषिलो हुन्छ । विषादीमुक्त तरकारी छन् । यहाँका ब्राह्मण जाति स्वर्गको देवताहरूको नमुनाको रूपमा देखा पर्दछन् । यहाँका मानिसहरू टुना, मन्त्र, मोहनी, जादू, झारफुक, धामीझाँक्री, वीर इत्यादिमा विश्वास गरेका देखिन्छन् । धार्मिक कल्पनाले गर्दा विरामीलाई अलि

निको गराएर शरीरजन्य रोगलाई पनि मानसिक विकारका रूपमा हेरेको पाइन्छ । यहाँ अन्धविश्वास पाइन्छ तर पनि मैले यसभित्र धेरै किसिमका अध्ययन रहेको पाउँछु भनेर निबन्धकार देवकोटाले व्यक्त गरेका छन् । यो ठाउँ वेदको केन्द्र बनोस् ,वैदिक सभ्यतासँग यहाँको आधुनिक सभ्यताले सम्बन्ध राख्दछ । यहाँका मानिसहरूको जीवनस्तर उकास्नको लागि जिम्मेवार निकायले पनि केही न केही त गरोस् । यहाँका जनताले पनि अहिलेको शिक्षाको नयाँ उज्यालो अनि विज्ञान र प्रविधिलाई सजिलै उपभोग गर्न पाऊन भन्ने धारणा निबन्धकार देवकोटाको रहेको छ ।

**शीर्षक सार्थकता**

'पहाडी' विशेषण शब्द र 'जीवन' नाम शब्दको संयोजनबाट 'पहाडी जीवन' निबन्धको शीर्षक बनेको छ । यसको अर्थ पहाडमा बस्ने मानिसहरूको जीवन भन्ने हुन्छ । शीर्षकअनुसार नै देवकोटाले गोसाइँथान र झिल्टुङ गाउँको यात्रा गर्दाखेरि यात्राको क्रममा आफूले प्रत्यक्ष देखेका दृश्य र अनुभूतिलाई कल्पनामा रङ्गाएर सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । पहाडी भूगोल तथा भौतिक दृष्टिले जीवन कष्टपूर्ण भए पनि कठोर परिश्रम र सन्तोषलाई अँगालेर त्यहाँका मानिसहरू दु : ख र पीडा पर्दा पनि सजिलैसँग सामना गरेर सुख शान्तिका साथ आफ्नो जीवन बाँचेका देख्दा निबन्धकार देवकोटा गाउँले जीवनप्रति आकर्षित हुनपुग्छन् र शहरको रमझमभन्दा सुख र शान्तसित बाँच्न पाउने गाउँले जीवन नै ठिक हो भन्ने धारणा व्यक्त गर्दछन् ।

कठोर परिश्रम, सत्यता, नैतिकता र इमानदारीलाई अँगालेर मानवतापूर्ण जीवनयापन गर्ने कोमल र सरल गाउँलेहरूको जीवनशैलीबाट ती गाउँ नै स्वर्गको टुक्रा जस्तै सुन्दर बन्नपुगेको निष्कर्ष प्रस्तुत गर्दै देवकोटाले यस्तो गाउँले जीवनबाट शहरीया हूँ भनेर फुर्ती लगाउँदै हिँड्नेहरूले यहीँबाट शिक्षा लिनुपर्दछ भनेका छन् । यसरी पहाडी गाउँले जीवनलाई आधार बनाएर लेखिएको निबन्धको मूल भावलाई राम्रोसँग समेट्न सकेको हुनाले 'पहाडी जीवन' निबन्धको शीर्षक सार्थक बनेको देख्न सकिन्छ ।

**पर्यावरण र पहिचान**

'पहाडी जीवन' निबन्धमा विशेष गरी काठमाडौं उपत्यकाभन्दा बाहिरको पहाडीया परिवेशलाई समेटिएको छ । पहाडी जीवनजगत्को यथार्थलाई प्रस्तुत गर्ने उद्देश्यले प्रस्तुत निबन्ध तयार पारिएको छ । निबन्धमा गोसाइँथान र झिल्टुङका ससाना झुप्रा घरहरू, काम चलाउ खालका सानासाना एक दुईवटा बजार, पहाडी अप्ठेरो बाटो, बनेली परेको प्राकृतिक सुन्दरता, प्रकृतिको काखमा रहेको सुन्दर गाउँले बस्ती, त्यही बस्तीभित्र लुकेर रहेको त्यहाँका बासिन्दाहरूको जीवनशैली, त्यही जीवनशैलीमा विभिन्न जातजातिका मानिसहरू सबैसँग मिलेर बस्ने मिलनसार व्यवहार आदि सन्दर्भ सुहाउने पर्यावरण निर्माण वा प्रयोग गरिएको छ । यसर्थ यस निबन्धमा पर्यावरणगत विविधता रहेको प्रस्ट हुन्छ । पर्यावरण निरूपण गर्न सहयोग गर्ने प्रकृति र प्राकृतिक पर्यावरण, सामाजिक र सांस्कृतिक पर्यावरण तथा आर्थिक पर्यावरणलाई मुख्य आधार बनाइएको छ ।

**प्रकृति र प्राकृतिक पर्यावरण**

प्रकृति र प्राकृतिक पर्यावरणका दृष्टिकोणले नेपालको सुन्दरताको वर्णन 'पहाडी जीवन' निबन्धमा पाइन्छ । यस निबन्धमा नेपालको भूगोल र विशेष गरी पहाडी गाउँ गोसाइँथान र झिल्टुङ क्षेत्रभित्रको वर्णन गरिएको पाइन्छ । यही भूगोलमा निहित प्रकृति र प्राकृतिक परिवेशलाई निबन्धमा चर्चा गरिएको छ । केही झुप्रा घरहरू सानोबजार, वनपाखा, खोलानाला,पहाड, बाटोघाटो, मनुष्य चरी भैँ कहिले लेक त कहिले बेंसी गर्ने रमाइलो जीवनशैली, जहाँ कटेरो र भेडाहरू रहन्थे त्यहाँ हिउँदमा खालि तुषारोको निष्कण्टक राज्य रहेको, आलटाले झुपडीमा सिस्नो पकाएर बच्चाहरू उसिनेको सिस्नोसगै ढिँडो खाँदै गरेका दृश्य, साथै त्यहाँका हरियाली खेतीपाती गर्ने प्रचलन पहिलाको जस्तै कायमै, ग्रामीण बसोबास गर्ने प्रणाली, स्वच्छ खोलानाला र पानी फोहोर नियन्त्रण गरिएको अवस्था देखिन्छ । यिनीहरू आफ्नै हातले उमार्दछन्, गोड्दछन्,फलाउँछन् र खान्छन् । आफ्ना- आफ्ना टुक्रामा आफ्नो आफ्नो किस्मत गर्नु नै मुख्य ध्येय छ । ढुङ्गिलो भिरालो पहाडको छातीबाट यिनीहरू आफ्ना चाँहिदा चीजहरू निकाल्दछन् र यिनीहरूलाई खरखुशामद र झुटा बाङ्गा चालको जरूरत छैन् (देवकोटा, २०७६ ,पृ.१९) । स्वच्छ जलवायु, प्राकृतिक एवं भौतिक पर्यावरणले सौन्दर्य थपेको देखिन्छ । प्रकृतिको उर्वर समय

जतिखेर सारा कृषकहरू खुसीले गदगद् भएर आ-आफ्ना काममा व्यस्त देखिन्छन् । प्रकृति पनि उर्वर बनेको देखिन्छ । जस्तै : ढुङ्गाका एकतले घरहरू ज्यादा देखिन्छन् , खरले छाएका, काला झ्याल भएका, रातो माटोले पोतिएका, अलिक खाइलाग्दा झोपडीहरूका ढोकाहरू बुट्टा काटेर सजाइएका, पिँढीदार झोपडीहरू तल्लो छानामा पाकेका फर्सीहरू सानासाना बगैँचाहरू देखिन्थे । हरेक घरमा गोठ देखिन्थ्यो, जसमा गाई, भैँसी गोरू, बाख्रा बाँधिएका देखिन्थे ( देवकोटा, २०७६, पृ. १७ ) । मानिस स्वयम् नै प्राकृतिक प्राणी हो । ऊ प्रकृतिमा रमाउन चाहन्छ । उसमा प्रकृतिले निर्धारण गरेका अभिलक्षण हुन्छन् । त्यहाँका जनता गरिब वा भौतिक सुख सुविधाविहीन भएर पनि प्राकृतिक सौन्दर्यमा रमाइरहेका देखिन्छन् । यसरी त्यहाँका गरिब र निमुखा जनताले प्रकृति र प्राकृतिक पर्यावरणीय सौन्दर्यको सङ्केत गरेका छन् ।

**सामाजिक र सांस्कृतिक पर्यावरण**

निबन्धकार देवकोटाको चिन्तन सामाजिक यथार्थवाद रहेको हुनाले पहाडी जीवन निबन्धमा प्रयोग भएको समाज यही रूपमा निर्धारण गरिएको छ । निबन्धकारले आफू यात्रा गर्ने क्रममा विकट गाउँको परिवेशलाई निबन्धमा प्रस्तुत गरेका छन् । गोसाइँथान र फिल्टुङ गाउँका ती तामाङ र भोटे जातिका अतिगरिबी र अभावका बिचमा पनि सधैँ हँसिलो, रसिलो र सन्तोषका साथ एक आपसमा समाजमा सामाजिक दायित्व पूरा गरी मिलेर दुःखसुख साटासाट गर्दै खेती किसानी, मेलापात, उकालीओराली, भञ्ज्याङ, चौतारी र वनपाखा हुँदै सामाजिक जीवनसँग रमाउँदै बिताएका छन् । अतिथिदेवो भवः भनेझैँ कुनै बाहिरी अतिथि आएको देखे भने आफूले नखाएर भए पनि अतिथिलाई यथासम्भव सत्कार गर्ने संस्कार, आर्थिक रूपमा अभाव भए पनि उनीहरू एक आपसमा दुःखसुख साटासाट गरेर जीवन चलाएको देख्नसकिन्छ । अभाव र सङ्कट नभनी अन्धाधुन्ध पुरातन संस्कार अङ्गीकार गर्नुपर्ने बाध्यता ती सोझासिधा जनतामा रहेको देखिन्छ । नेपाल एउटा कृषिप्रधान देश भएको हुनाले पनि कृषि पेसालाई महत्त्व दिनुपर्ने मान्यता अगाडि सारिएको पाइन्छ । ती गाउँका कर्मठ, सरल, सोझा, इमानदार र लगनशील जनतालाई राम्रो शिक्षा र रोजगारी दिएर जीवनमा खुसियाली ल्याइदिन पाए हुन्थ्यो भन्ने सोच निबन्धकारको रहेको छ । आफूले त्यहाँका गरिब केटाकेटीहरूलाई आफ्नै घरमा लगेर शिक्षा दिन चाहेर पनि नसक्ने परिस्थितिप्रति दुखेसो प्रकट गरेको पाइन्छ । यस क्रममा उनले राज्य र उच्च शिक्षित व्यक्तिहरूले त्यस्ता विकट ठाउँहरूमा पुगी त्यहाँ कृषि, यातायात, शिक्षा, सञ्चार आदिका क्षेत्रमा विकास गरेर तिनको जीवनमा परिवर्तन ल्याउन कुनै किसिमको ठोस पहल नगरेको र सहर बजारमै बसी गरिबी हटाउने जस्ता भाषण छाँट्ने गरेकोबाट यस निबन्धमा निबन्धकार देवकोटाले प्रगतिवादी चिन्तन अँगाली उनले बनावटी र देखावटी प्रवृत्तिमा रमाउने सहरिया जीवनभन्दा सरलता र सरसतामा रमाउने गाउँले जीवननै उत्तम रहेको धारणा व्यक्त गरेका हुनाले सामाजिक,सांस्कृतिक प्रचलनको परिवर्तनमा निर्मित पर्यावरण प्रगतिवादी चिन्तनबाट प्रेरित रहेको पाइन्छ ।

**आर्थिक पर्यावरण**

'पहाडी जीवन' निबन्धमा नेपाली गाउँले समाजको आर्थिक अवस्थाको प्रतिनिधित्व हुने गरी गोसाइँथान र फिल्टुङ गाउँको परिवेशको चित्रण गरिएको छ । ग्रामीण परिवेश भएको हुनाले त्यहाँको आर्थिक आम्दानीको मूल स्रोत नै कृषि मानिन्छ । कृषिबाट जति आम्दानी हुन्छ त्यसैमा रमाउने, त्यसैबाट आफ्नो जीवन धान्नुपर्ने अवस्था देखिन्छ । गरिबीको रेखामुनि पिल्सिएका ती गाउँका मानिसहरूलाई राष्ट्रका बुद्धिजीवी एवं जिम्मेवार निकायका व्यक्तिहरूले आफ्नो कर्तव्य सम्झी ती गाउँसम्म नै शिक्षाको उज्यालो तथा ज्ञानविज्ञान प्रविधिबाट प्राप्त हुने विभिन्न किसिमका सुविधाहरू पुऱ्याएर तिनीहरूलाई नयाँ परिवर्तनको अनुभूति दिलाउन पाए हुन्थ्यो भन्ने धारणा निबन्धकारको रहेको पाइन्छ । त्यहाँका मानिसहरूको गरिबीका कारणले गर्दा आफ्ना इच्छा, आकाङ्क्षा पूरा हुनसकेका छैनन् । जस्तै : "मैला चिथरा चेहराहरूले बिजोग देखाइरहेछन् । तिनमा साँग्राको लक्षण र न्यूनता छ । मेरो आँगमा ४० रूपैँयाको नीलो कस्मिराको कोट थियो, ती आँगहरू झ्याङ्पाल थिए । म ३० रुपियाँको सिलिस्किनको टोपी लगाउँथें तर ती खप्परहरू टुपी देखाउने चिथरे घेरालाई शिरपोस बनाउँथे । (देवकोटा, २०७५, पृ.९) निबन्धकार देवकोटा आफूले चाहेर पनि तिनीहरूलाई राम्रो शिक्षा र रोजगारी दिन नसक्ने र त्यहाँको केटाकेटीहरूलाई घरमा लगेर शिक्षा दिन नसक्ने परिस्थितिप्रति, दुखेसो प्रकट गरेका छन् । उनले तिनीहरूको आर्थिक अवस्थाको सजीवचित्रण गरेका छन् । राष्ट्रका बुद्धिजीवी एवं जिम्मेवार निकायका व्यक्तिहरूले आफ्नो कर्तव्य

सम्भी न्यून आर्थिक अवस्था परिवर्तनका निम्ति न्यायिक स्वतन्त्रताका लागि उपयुक्त पर्यावरण निर्माण गरिएको छ।

**निष्कर्ष**

निबन्धकार लक्ष्मीप्रसाद देवकोटा नेपाली निबन्ध साहित्यमा केन्द्रीय आत्मपरक सफल निबन्धकारका रूपमा चिरपरिचित छन्। यो निबन्ध देवकोटाका उत्कृष्ट निबन्धहरूमध्येको एउटा लोकप्रिय निबन्ध हो। लक्ष्मी निबन्धसङ्ग्रहमा सङ्गृहीत यो निबन्धले गाउँको जीवनलाई सजीव चित्रण गरेको देखिन्छ। अनुप्रासयुक्त काव्यात्मक शैलीले निबन्धमा गाउँले जीवनको यथार्थ प्रस्तुति रहेको छ। आर्थिक रूपले विपन्न भएपछि मानवीय संवेदनाका दृष्टिले गाउँ सम्पन्न छ, स्वच्छ छ, आत्मीय भावनाको जीवन्त अभिव्यक्तिले यस निबन्धमा जीवनमूल्यको मर्म भेटिन्छ। गाउँका मानिसहरू बिचको सद्भाव सहयोगी व्यवहार, श्रमप्रति सम्मानजस्ता विषयले निबन्धकारको मानवीय संवेदनाप्रतिको आदरभाव व्यक्त गरेका देखिन्छ। सुन्दर प्रकृतिको चित्रण गर्नु, सहज जीवनको प्रस्तुति हुनु, श्रमप्रति आस्था राख्नु, आर्थिक रूपले गरिब भएपनि मानवताका दृष्टिले पहाडी जीवन सम्पन्न रहेको विश्वास गर्नु नै निबन्धले दिएको निष्कर्ष हो। केही तत्सम र केही आगन्तुक शब्दको प्रयोग रहेको पहाडी जीवनले प्राकृतिक र सामाजिक वातावरणीय सन्तुलन देखाएर जीवनको सुखद अन्तर्यको प्रकटीकरण गरेको छ।

**सन्दर्भ सामग्री**

अवस्थी, महादेव (२०६१), लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, काठमाडौँ : एकता प्रकाशन। ढकाल, भागवत (२०७९), प्रज्ञा नेपाली बालनिबन्ध, काठमाडौं : प्रज्ञा छापाखाना।
देवकोटा, लक्ष्मीप्रसाद (२०५७),लक्ष्मी निबन्ध सङ्ग्रह , पन्ध्रौं संस्करण, काठमाडौं : साझा प्रकाशन।
शर्मा, गोपीकृष्ण (२०५५), नेपाली निबन्ध भाग-२, ललितपुर : साझा प्रकाशन
शर्मा, गोपीकृष्ण (२०५७), नेपाली निबन्ध परिचय, काठमाडौं : रत्नपुस्तक भण्डार।
बराल, ईश्वर (२०४६), सयपत्री, चौथो संस्करण ललितपुर : साझा प्रकाशन
बराल, ईश्वर (२०७९), नेपाली साहित्यकोश, दोस्रो संस्करण काठमाडौं : प्रज्ञा छापाखाना।
सुवेदी, राजेन्द्र (२०४९), स्रष्टा : सृष्टि/द्रष्टा-दृष्टि, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन।
सुवेदी, राजेन्द्र (२०७१), स्नातकोत्तर नेपाली निबन्ध , भाग-३, चौथो संस्करण, काठमाडौं : पाठ्यसामग्री पसल।